# भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>गाली र बेइज्जती ऐन, २०१६ मा संशोधन</u> : गाली र बेइज्जती ऐन, २०१६ को दफा १२ मा रहेका "मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट बढीमा पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "निजको सामाजिक प्रतिष्ठा र इज्जत समेतलाई विचार गरी मुद्दा हेर्ने अधिकारीले कसूरदारबाट मनासिब माफिकको रकम" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मुलुकी ऐनमा संशोधन</u> : मुलुकी ऐन अदलको महलको १०क. नं. मा रहेको स्पष्टीकरण खण्ड झिकिएकोछ ।

४. <u>भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन</u> : भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ङ. को उपदफा (१) को खण्ड (क) मा रहेका "त्यसरी जग्गा छोड्न मन्जुर गरेको" भन्ने शब्दहरुको सट्टा "त्यस्तो जग्गा लिन मन्जुर गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>चन्दा ऐन, २०३० मा संशोधन</u> : चन्दा ऐन, २०३० को दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. <u>चन्दा संकलन समितिको गठन</u> : (१) दफा ३ को उपदफा (२) बमोजिम चन्दा उठाउन आवश्यक र उपयुक्त देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय उद्योग वाणिज्य संघ तथा शैक्षिक संघ संस्था समेतको प्रतिनिधित्व हुने गरी बढीमा एघार सदस्यहरु रहेको चन्दा संकलन समिति गठन गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा रहने अध्यक्ष तथा सदस्यहरुको पदावधि तथा समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति गठन गर्दा प्रकाशित सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) समितिले आवश्यक सम्झेमा सम्बन्धित जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्लास्तरीय उपसमितिहरु गठन गर्न सक्नेछ ।"

६. लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा संशोधन : लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) मा रहेका "दफा ४ को खण्ड (क)" भन्ने शब्दहरुको सट्टा "दफा ४" भन्ने शब्दहरु राखिएका छन् ।

७. जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन : जग्गा प्राप्ति ऐन, २०३४ को दफा २० मा रहेका "पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

८. निर्वाचन आयोग ऐन, २०४७ मा संशोधन : निर्वाचन आयोग ऐन, २०४७ को दफा ७ को उपदफा (१) को दोस्रो हरफमा रहेका "दफा ३ बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा ३क. बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

९. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ मा संशोधन : राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा २२क. को उपदफा (३) मा रहेका "र समय तोक्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "र त्यसरी मतदान रद्द भएमा पुनः मतदान गर्ने मिति र समय तोक्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ मा संशोधन : राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को दफा १३ को उपदफा (४) मा रहेका "कार्यकारी निर्देशकको" भन्ने शब्दहरु पछि "काम, कर्तव्य र अधिकार र" भन्ने शब्दहरु थपिएका छन् ।

११. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा संशोधन : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) "सरकारी वकिल" भन्नाले महान्यायाधिवक्ता, नायबमहान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्लान्यायाधिवक्ता र सहायक जिल्लान्यायाधिवक्तालाई सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकिल भई काम गर्न तोकेको कुनै कर्मचारी समेतलाई जनाउँछ ।"

१२. औद्योगिक व्यवसाय ऐन, २०४९ मा संशोधन : औद्योगिक व्यवसाय ऐन, २०४९ को अनुसूची- ४ मा रहेका "दफा १५ को खण्ड (ग) संग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा १५ को खण्ड (ङ) संग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन् ।

१३. निजीकरण ऐन, २०५० मा संशोधन : निजीकरण ऐन, २०५० को दफा २ को खण्ड (ङ) मा रहेका "दफा ४ बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा ३ बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

१४. सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ मा संशोधन : सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. दस्तुर उठाउने : (१) यस ऐन बमोजिमको दस्तुर श्री ५ को सरकारले तोकेको कार्यालयले उठाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो दस्तुर श्री ५ को सरकारले तोकेको प्रक्रिया अपनाई कुनै व्यक्ति वा संस्था मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।"

१५. कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा संशोधन : कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को,-

(१) दफा ६ को उपदफा (३) को खण्ड (ज) झिकिएको छ ।

(२) दफा १० को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) केन्द्रीय समितिले कानूनमा कम्तीमा स्नातक भएको व्यक्तिलाई कार्यालय सचिवको पदमा नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्त नभएसम्मको अवधिको लागि केन्द्रीय समितिको अनुरोधमा श्री ५ को सरकारले राजपत्रांङ्कित कर्मचारीलाई कार्यालय सचिवको पदमा खटाउन सक्नेछ ।"

१६. उपभोक्ता संरक्षण ऐन, २०५४ मा संशोधन : उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १८ को खण्ड (ख) मा रहेका "उपदफा (१) को" भन्ने शब्दहरु झिकिएका छन् ।

१७. खारेजी : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३८ खारेज गरिएकोछ ।

१८. रुपान्तर : प्रचलित कानूनमा ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएकोछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "दाना जाँचकी" को सट्टा "दाना निरीक्षक"

(ख) "वरिष्ट सरकारी अधिवक्ता" को सट्टा "नायवमहान्यायाधिवक्ता"

(ग) "सरकारी अधिवक्ता" को सट्टा "सहन्यायाधिवक्ता"

(घ) "उपसरकारी अधिवक्ता" को सट्टा "उपन्यायाधिवक्ता"

(ङ) "जिल्ला सरकारी अधिवक्ता" को सट्टा "जिल्लान्यायाधिवक्ता"

(च) "सहायक जिल्ला सरकारी अधिवक्ता" को सट्टा "सहायक जिल्ला न्यायाधिवक्ता"

(छ) "सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७" को सट्टा "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९"

(ज) "कम्पनी ऐन, २०२१" को सट्टा "कम्पनी ऐन, २०५३"

लालमोहर सदर मिति:- २०५५।१०।७५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।